## १. असमर्थ पक्ष तथा आर्थिक रूपले विपन्न नागरिक भन्नाले कसलाई बुझाउँछ ?

- ❖ अशक्त, नाबालक, आर्थिक रूपमा विपन्न वा थुनुवा रहेका व्यक्तिहरू ।
- ❖ लैगिंक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित भएका व्यक्तिहरू ।

## २. विपन्न नागरिकका अधिकारका सम्बन्धमा संविधानमा के कस्तो व्यवस्था गरिएको छ ?

- ❖ विपन्न नागरिक अन्य नागरिकसरह कानूनको दृष्टिमा समान हुनेछन् ।
- ❖ आर्थिक रूपले विपन्न भएको आधारमा कानूनको समान संरक्षणबाट बन्चित गरिने छैन अर्थात् भेदभाव गरिने छैन ।
- ❖ आर्थिक अवस्थाको कारण वा आधारमा समानताको हकबाट बन्चित गरिने छैन वा भेदभाव गरिने छैन ।
- ❖ आर्थिक रूपले विपन्न नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न सकिनेछ ।
- ❖ आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुनेछ ।
- ❖ स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ।
- ❖ असमर्थ पक्षलाई कानूनबमोजिम निःशुल्क कानूनी सहायताको हक हुनेछ ।
- ❖ विपन्न नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- ❖ विपन्न नागरिकलाई कानूनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
- ❖ विपन्न नागरिकलाई शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने सामाजिक न्यायको हक हुनेछ ।
- ❖ विपन्न नागरिकलाई कानूनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

## ३. विपन्न वा असमर्थ नागरिकको हकमा अदालती शुल्क (कोर्टफी) सम्बन्धी के कस्ता व्यवस्था रहेका छन् ?

- ❖ फिराद, प्रतिवादी, पुनरावेदन, मुद्दा दोहोर्यानई पाउँ भन्ने निवेदन वा पुनरावलोकनको निवेदन दर्ता गर्दा निम्न अनुसारको अदालती शुल्क पछि तिर्ने गरी सुविधा लिन पाइन्छ ।
  - ● अदालती शुल्क तिर्नुपर्ने व्यक्तिको आर्थिक अवस्था अत्यन्त कमजोर भई लाग्ने अदालती शुल्क सबै वा केही अदालती शुल्क बुझाउन असमर्थ छ भन्ने मुद्दा हेर्ने अधिकारी वा न्यायाधीश विश्वस्त हुने आधार भएमा,
  - ● अदालती शुल्क तिर्नुपर्ने व्यक्तिको मुद्दा परेको सम्पत्तिबाहेक अन्य सम्पत्ति केही नभई अदालती शुल्क दाखिला गर्न असमर्थ छ भनी सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट सिफारिस भई आएमा ।

## ४. कानूनी सहायता भनेको के हो ?

- ❖ कानूनी सहायता भनेको असमर्थ व्यक्तिलाई राज्यको तर्फबाट दिइने सहायता,
- ❖ गैरसरकारी संस्थाको तर्फबाट दिइने कानूनी राय सल्लाह,
- ❖ त्यस्तो व्यक्तिको तर्फबाट अड्डा अदालतहरूमा गरिने बहस पैरवी,



- ❖ लेखापढी तथा कानूनी कारबाहीका सम्बन्धमा उपलब्ध हुने अन्य सेवासमेतलाई जनाउँदछ।

## ५. कानूनी सहायता कसले उपलब्ध गराउँछ ?

- ❖ नेपाल सरकारले कानूनी सहायता समितिमार्फत,
- ❖ केन्द्रमा कानून मन्त्रीको अध्यक्षतामा र उच्च अदालत रहेको जिल्लामा उच्च सरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता र सो नभएको जिल्लाहरूमा जिल्ला न्यायाधिवक्ताको अध्यक्षतामा रहेको समितिले,
- ❖ सोही समितिले व्यवस्था गरेका कानून व्यवसायीहरूमार्फत,
- ❖ प्रत्येक जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतमा असमर्थ पक्षको तर्फबाट बहस, पैरवी तथा कानूनी प्रतिनिधित्व गर्न वैतनिक कानून व्यवसायीमार्फत,
- ❖ महिला आयोगमार्फत महिलालाई ।

## ६. वैतनिक कानून व्यवसायी भनेको के हो ?

- ❖ असहाय विपन्न व्यक्तिलाई कानूनी सहायता प्रदान गर्नको लागि अदालतबाटै नियुक्ति गरिएको कानून व्यवसायी

## ७. अदालतमा रहेको वैतनिक कानून व्यवसायीबाट के कस्ता सेवाहरू प्राप्त गर्न सकिन्छ ?

- ❖ बहस पैरवी गर्ने,
- ❖ लिखत तयार गरिदिने,
- ❖ निवेदनको ढाँचा भरिदिने,
- ❖ परामर्श सेवा दिने,
- ❖ कारागार भ्रमण गर्ने ।
- ❖ वैतनिक कानून व्यवसायीको सेवाको लागि सम्बन्धित जिल्ला अदालत, उच्च अदालत तथा सर्वोच्च अदालतको सूचना तथा सहयोग कक्ष वा सोधपुछ कक्षमा सम्पर्क गर्नु पर्दछ।

## ८. कानूनी सहायता प्राप्त गर्न के गर्नु पर्छ ?

- ❖ अदालतमा कार्यरत वैतनिक कानून व्यवसायीमार्फत निःशुल्क कानूनी सहायता लिन चाहने पक्षले आफू असहाय भई कानून व्यवसायी नियुक्ति गर्न नसक्ने बेहोराको जानकारी अदालतलाई गराइएको हुनुपर्छ । त्यस्तो जानकारीको आधारमा अदालतले गरेको निर्णयबमोजिम अदालतमार्फत कानूनी सहायता उपलब्ध गराइन्छ ।
- ❖ जिल्ला कानूनी सहायता समितिमार्फत कानूनी सहायता प्राप्त गर्न चाहने व्यक्तिले कानूनी सहायता प्राप्त गर्न खोजेको विषय, पारिवारिक स्थिति तथा आर्थिक स्थितिको विवरणसहितका प्रमाण संलग्न गरी जिल्लाको कानूनी सहायता समितिमा दरखास्त दिनु पर्ने,
- ❖ उक्त दरखास्तसाथ स्थानीय तहको सिफारिससमेत संलग्न गर्नुपर्ने,
- ❖ अदालतबाट वैतनिक कानून व्यवसायी मार्फत दिने सेवाको शर्त अरू भन्दा फरक छ/हुनुपर्छ।
- ❖ दरखास्त फाराम भर्न नजान्ने वा समितिमा दरखास्त फाराम भर्न नसक्ने व्यक्तिको हकमा निजले पत्याएको अरू व्यक्तिले समेत समितिमा दरखास्त दिनु पर्ने ।

**९. कानूनी सहायता समितिबाट कस्तो व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराइन्छ ?**

- ❖ वार्षिक ४० (चालीस) हजारभन्दा कम आय भएको व्यक्ति,
- ❖ लैगिंक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित भएको व्यक्ति,
- ❖ कारागारमा रहेका व्यक्तिले आफ्नो तर्फबाट कानून व्यवसायी नियुक्ति गर्न असमर्थ भएको जानकारी गराएमा ।
- ❖ अदालतमा आई आफ्नो तर्फबाट कानून व्यवसायी नियुक्ति गर्न नसक्ने भन्ने जानकारी गराएमा ।

**१०. कानूनी सहायता बापत लागेको खर्च सोधभर्ना गर्नु पर्छ वा पर्दैन ?**

- ❖ कुनै व्यक्तिले कानूनी सहायता प्राप्त गरेको कारणबाट कुनै सम्पत्ति वा आर्थिक लाभ प्राप्त गरेमा त्यस्तो व्यक्तिले सम्बन्धित समितिले गरेको खर्च सोधभर्ना गर्नु पर्नेछ,
- ❖ यसरी सोधभर्ना गराउँदा निजले प्राप्त गरेको कूल सम्पत्ति वा आर्थिक लाभको १० (दश) प्रतिशतको दरले हुन आउने रकम भन्दा बढी रकम सोधभर्ना गराइने छैन,
- ❖ कानूनी सहायता बापतको खर्च सोधभर्ना लिँदा सो व्यक्तिलाई मर्का पर्ने देखिएमा सम्बन्धित समितिले आफूले गरेको खर्च आंशिक वा पूर्ण रूपमा नलिने गरी छुट दिन सक्दछ,
- ❖ अदालतबाट प्रदान गरिएको वैतनिक कानून व्यवसायीको सेवा निःशुल्क हुन्छ ।

**११. गैर-सरकारी स्तरबाट उपलब्ध हुने कानूनी सहायता क-कसले उपलब्ध गराउँछ ?**

- ❖ महिला कानून र विकास मञ्च,
- ❖ माइती नेपाल,
- ❖ कानूनी सहायता तथा सहयोग केन्द्र (ल्याक)
- ❖ आई एल एफ नेपाल ।
- ❖ नेपाल बार एसोसिएसनलगायत सर्वोच्च अदालत बार एसोसिएसन, उच्च अदालत बार इकाई र जिल्ला अदालत बार इकाइसमेतबाट स्वेच्छिक रूपमा निःशुल्क कानूनी सहायता उपलब्ध गराइन्छ ।

**१२ कानूनी सहायता सम्बन्धमा के कस्ता कानूनहरू रहेका छन् ?**

- ❖ नेपालको संविधान
- ❖ कानूनी सहायतासम्बन्धी ऐन, २०५४
- ❖ कानूनी सहायतासम्बन्धी नियमावली, २०५५
- ❖ सर्वोच्च अदालत नियमावली, २०७४
- ❖ उच्च अदालत नियमावली, २०७३
- ❖ जिल्ला अदालत नियमावली, २०७५
- ❖ वैतनिक अधिवक्ताको नियुक्ति तथा सेवाका शर्तसम्बन्धी निर्देशिका, २०७२

## सम्पर्क ठेगाना:


**सर्वोच्च अदालत**
**न्यायमा पहुँच आयोग**
रामशाहपथ, काठमाडौं नेपाल ।

फोन नं. : ०१-४२००७५५, ०१-४२००७२९
ईमेल : a2jc@supremecourt.gov.np
वेभसाइट : www.supremecourt.gov.np


# असमर्थ पक्ष तथा आर्थिक रूपले विपन्न नागरिकको अधिकारसम्बन्धी जानकारी पुस्तिका




## सर्वोच्च अदालत
### न्यायमा पहुँच आयोग
रामशाहपथ, काठमाडौं
२०७६